# हनुमानढोका दरबार स्थित चोकहरु भाडामा प्रयोग गर्न दिने सम्बन्धी कार्यविधि

# २०६९

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

**हनुमानढोका दरबार संग्रहालय विकास समिति**

हनुमानढोका, काठमाडौं ।

# हनुमानढोका दरबार स्थित चोकहरु भाडामा दिने सम्बन्धी कार्यविधि

हनुमाढोका दरबार संग्रहालय विकास समिति (गठन) आदेश, २०६७ को दफा ४ को खण्ड (ठ) ले हनुमानढोका दरबारको आकृति नबिग्रने गरी सो दरबारका चोकहरु आयमूलक कार्यमा भाडामा दिने प्रयोजनको लागि भाडामा लगाउन वाञ्छनिय भएकोले,

हनुमानढोका दरबार संग्रहालय विकास समितिले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "हनुमानढोका दरबार स्थित चोकहरु भाडा दिने सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "आयोजक" भन्नाले दफा ८ को उपदाफ (२) बमोजिमको कार्य गर्ने मुख्य व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले दफा ५ बमोजिमको कार्यक्रम सम्झनु पर्छ ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(घ) "चोक" भन्नाले दफा ३ बमोजिम प्रयोग गर्न सकिने चोक सम्झनु पर्छ । सो शब्दले प्रयोग गर्न सकिने अन्य स्थललाई समेत जनाउनेछ ।

(ङ) "दस्तुर" भन्नाले दफा १२ र दफा १३ बमोजिमको दस्तुर सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले हनुमानढोका दरबार संग्रहालय विकास समिति (गठन) आदेश, २०७९ को दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(छ) "सुरक्षा" भन्नाले दफा ९ बमोजिमको सुरक्षा व्यवस्था सम्झनु पर्छ ।

(ज) "सरसफाई" भन्नाले दफा १० बमोजिमको सरसफाई सम्झनु पर्छ ।

(झ) "सौहाद्रता" भन्नाले दफा ११ बमोजिमको सौहाद्रता सम्झनु पर्छ ।

३. <u>भाडामा दिन सकिने चोकहरुः</u> हनुमानढोका दरबारको चोकहरु मध्ये लोँह चोक, दाख चोक र गोलघर भाडामा प्रयोग गर्न स्वीकृति दिन सकिनेछ ।

४. <u>चोक भाडामा दिन सकिने आधारः</u> (१) चोकको मौलिकता, ऐतिहासिकता तथा सुरक्षाको विषयमा प्रतिकूल असर नपर्ने अवस्थामा मात्र चोक भाडामा दिन सकिनेछ ।

(२) प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले आयोजना गर्ने कार्यक्रममा मात्र चोक उपलब्ध गराउन सकिनेछ ।

५. <u>चोक भाडामा दिन सकिने कार्यक्रमः</u> (१) देहायका कार्यक्रम सञ्चालन गर्न चोकहरु भाडामा दिदा दफा ४ को अधिनमा रही दिनु पर्नेछ :-

(क) पर्यटन प्रवर्धन,

(ख) ऐतिहासिक, साँस्कृतिक प्रवर्धन,

(ग) हस्तकला, फोटो प्रदर्शनी, पुस्तक विमोचन,

(घ) अन्तर्राष्ट्रिय दिवश मनाउने र

(ङ) अभिनन्दन, गोष्ठी, सेमिनार, अन्तरक्रिया, छलफल आदि ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्तिगत तथा पारिवारिक कार्यक्रम र त्यस उपलक्ष्यमा गरिने जलपान तथा खानाको आयोजना गर्न चोक उपलब्ध गराईने छैन ।

६. <u>चोक भाडामा दिन नसकिनेः</u> दफा ४ को प्रतिकूल हुने गरी चोक प्रयोग गर्न दिन सकिने छैन ।

७. <u>दरखास्त दिनु पर्नेः</u> चोक प्रयोग गर्न चाहने संस्थाले देहायएका विवरण खुलाई कार्यक्रम हुने मितिभन्दा कम्तिमा सात दिन अगावै समिति समक्ष दरखास्त दिनु पर्नेछः-

(क) आयोजना गर्न चाहेको कार्यक्रम,

(ख) कार्यक्रमको प्रमुख अतिथि,

(ग) कार्यक्रम सञ्चालन गर्ने मिति र समय,

(घ) कार्यक्रममा सहभागी हुनेको संख्या,

(ङ) जलपान तथा खाना कार्यक्रम गर्ने वा नगर्ने, गर्ने भए सोको व्यवस्थापनको जिम्मा आफैले लिने कुरा र

(च) कार्यविधिमा तोकिए बमोजिमको सुरक्षा, सरसफाई तथा सौहाद्रता कायम राख्ने प्रतिवद्धता ।

८. <u>अग्रिम दस्तुर बुझाउनु पर्नेः</u> (१) दफा ७ बमोजिम प्राप्त दरखास्त यस कार्यविधिको अधिनमा रही जाँचबुझ गर्दा दरखास्तमा उल्लेख भए बमोजिमको कार्यक्रम आयोजना गर्न मनासिव देखिएमा समितिमा दफा १३ बमोजिमको दस्तुर अग्रिम रुपमा बुझाउन लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अग्रिम दस्तुर बुझाएपछि मात्र आयोजकलाई कार्यक्रम आयोजना गर्न समितिले लिखित स्वीकृति दिनेछ ।

(३) कुनै कारणबस निर्धारित समयमा कार्यक्रम सञ्चालन गर्न नसक्ने भएमा कार्यक्रम आयोजकले कार्यक्रम शुरु हुने बहत्तर घण्टा अगावै सूचना दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै कार्यक्रमको आयोजकले सूचना दिएमा उपदफा (१) बमोजिम बुझाएको अग्रिम दस्तुरमा देहायको दरले कट्टा गरी बाँकी दस्तुर फिर्ता दिइनेछः-

(क) बहत्तर घण्टा अगावै सूचना दिएमा पाँच प्रतिशत,

(ख) अठ्चालिस घण्टा अगावै सूचना दिएमा दश प्रतिशत,

(ग) चौबीस घण्टा अगावै सूचना दिएमा पन्ध्र प्रतिशत र

(घ) चौबीस घण्टाभन्दा कम समयमा सूचना दिएमा बीस प्रतिशत ।

९. <u>सुरक्षा सम्बन्धी व्यवस्थाः</u> चोकको मौलिकता, ऐतिहासिकता तथा सुरक्षा कायम राख्न आयोजकले देहाय बमोजिमको बन्दोवस्त गर्नु पर्नेछ :-

(क) कार्यक्रममा उपस्थित हुने सहभागी तथा पाहुनालाई झोला, लठ्ठी लगायत सुरक्षा निकायले निषेध गरेको वस्तु साथमा नल्याई दिन आयोजकले निमन्त्रणा पत्रमा अनुरोध गर्नु पर्नेछ ।

(ख) कार्यक्रममा उपस्थित हुने सहभागी तथा पाहुनालाई सुरक्षा निकायले सुरक्षा जाँच गर्न सक्ने व्यहोराको जानकारी आयोजकले निमन्त्रणा पत्रमा उल्लेख गर्नु पर्नेछ ।

(ग) निमन्त्रणा पत्रमा उपस्थित हुनेले निमन्त्रणा पत्रसहित उपस्थित हुन जानकारी आयोजकले गराउनु पर्नेछ ।

(घ) कार्यक्रम सञ्चालनको क्रममा सुरक्षा निकायले सुरक्षाको दृष्टिले आवश्यक निगरानी राख्नेछ ।

(ङ) कार्यक्रम सञ्चालन गर्दा कार्यालयको सम्पत्ति हानी नोक्सानी भएमा त्यसको जवाफदेही आयोजक हुनेछ ।

(च) कार्तिक १५ गतेदेखि माघ १५ गतेसम्म साँझको कार्यक्रम राती ८ बजेसम्म र बाँकी नौ महिना राती ९ बजे भित्रमा सम्पन्न गरी चोक खाली गर्नु पर्नेछ ।

१०. <u>सरसफाई सम्बन्धी व्यवस्थाः</u> चोकको सरसफाई कायम राख्न आयोजकले देहाय बमोजिमको बन्दोवस्त गर्नु पर्नेछ :-

(क) कार्यक्रम आयोजनाको लागि मञ्च जस्ता आवश्यक पूर्वाधार निर्माण आयोजक स्वयंले गर्नु पर्नेछ ।

(ख) कार्यक्रमका सहभागी पाहुनालाई जलपान तथा खाना खुवाउनको लागि पकाउन पाईने छैन ।

(ग) चोकको सरसफाई खर्चको लागि धरौटी स्वरुप कार्यक्रम हुनुभन्दा पाँच दिन अगावै समितिमा दश हजार रुपैंया बुझाउनु पर्नेछ ।

११. <u>सौहाद्रता कायम राख्नु पर्नेः</u> चोकमा सञ्चालन गर्ने कार्यक्रममा सौहाद्रता कायम राख्न आयोजकले देहाय बमोजिमको बन्दोवस्त गर्नु पर्नेछ :-

(क) कार्यक्रममा उपस्थित हुने सहभागी तथा पाहुनाहरुले मर्यादित पोशाकमा आउने व्यवस्था गर्नु पर्नेछ ।

(ख) कार्यक्रम सञ्चालन गर्दा र जलपान तथा खाजा खाना खादा होहल्ला नगर्ने र ठूलो स्वरमा संगीत नबजाई मर्यादाको पालना गर्नु पर्नेछ ।

(ग) राष्ट्रियता, ऐतिहासिक, साँस्कृतिक महत्व विपरितका गीत संगीत बजाउन पाईने छैन ।

*१२. चोकको दस्तुरः देहायका चोकहरुको लागि प्रति कार्यक्रम देहाय बमोजिमको दस्तुर लाग्नेछः-

(क) दाख चोकको लागि एक लाख पच्चीस हजार रुपैंया ।

(ख) लौंह चोकको लागि दुई लाख पचास हजार रुपैंया ।

#१३ गोलघरको दस्तुरः (१) गोलघर भाडामा दिंदा देहाय बमोजिमको दस्तुर लाग्नेछः-

(क) सात दिनसम्मको लागि दैनिक दुई हजार रुपैंयाका दरले ।

(ख) सात दिनभन्दा बढी जति दिन भए तापनि आठौं दिनदेखि दैनिक एक हजार पाँच सय रुपैंयाका दरले ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकमा एउटा कार्यक्रमको लागि अधिकतम नब्बे दिनसम्म मात्र दिन सकिने ।

१४. आधा दिनको दस्तुरः कुनै कार्यक्रमको आयोजकले आधा दिनको लागि कुनै कार्यक्रम सञ्चालन गर्ने भएमा दफा १२ र दफा १३ बमोजिमको दस्तुरको आधा दस्तुर लाग्नेछ ।

स्पष्टीकरणः दफा १४ को प्रयोजनको लागि "आधा दिन" भन्नाले दिउँसोको समयमा कुल तीन घण्टाको कार्यक्रम सम्झनु पर्छ ।

१५. कार्यविधि कार्यान्वयन गर्ने जिम्मेवारीः कार्यक्रम सञ्चालन गर्दा आयोजकले कार्यविधिमा उल्लिखित शर्तका पालना गरे नगरेको अनुगमन गर्ने र त्यसको अभिलेख राख्ने, कार्यान्वयन गर्ने गराउने विषयमा आवश्यक निर्णय गर्ने अधिकार हनुमानढोका दरबार संग्रहालय विकास समितिको कार्यकारी निर्देशकलाई प्रदान गरिएको छ ।

१६. कार्यकारी निर्देशकको कर्तव्यः कार्यकारी निर्देशकको दफा १५ बमोजिम प्राप्त जिम्मेवारी पुरा गर्ने कर्तव्य हुनेछ ।

१७. कार्यविधि व्याख्याः यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा सो को व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ । समितिले यसरी गरेको व्याख्या अन्तिम हुनेछ । यस कार्यविधिमा कुनै व्याख्याको आवश्यकता भएमा कार्यकारी निर्देशकले व्याख्याको लागि समितिमा पेश गर्नुपर्नेछ ।

* पहिलो संशोधनद्वारा संशोधित, २०७९

\# पहिलो संशोधनद्वारा थप गरिएको, २०७९

१८. खारेजी र बचाऊ: हनुमानढोका दरबारस्थित चोकहरु भाडामा प्रयोग गर्न दिने सम्बन्धी कार्यविधि, २०६९ खारेज गरिएको छ । हनुमानढोका दरबारस्थित चोकहरु भाडामा प्रयोग गर्न दिने सम्बन्धी कार्यविधि, २०६९ अन्तर्गत भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।